२०८०।०६।२४

सम्माननीय सभामुखज्यू,
प्रतिनिधि सभा, नेपाल।

## विधेयकमा संशोधन प्रस्ताव

(प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम ऐ को नियम ११३ को शर्तको अधीनमा रही पेश गरिएको संशोधनको प्रस्ताव)

**विधेयकको नाम:** विद्यालय शिक्षा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८०

विधेयक प्रस्तुतकर्ता: माननीय अशोक कुमार राई, मन्त्री, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्य (दर्ता क्रम अनुसार)

क्रम संख्या माननीय सदस्यको नाम, थर

१
२
३
४
५

| क्र. सं. | संशोधन प्रस्तुतकर्ता | संशोधन दफा | संशोधन उपदफा/ खण्ड | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| १ | | २ | (घ) | **दफा २ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्ने:-** <br> **(घ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा आठसम्मको विद्यालय शिक्षा सम्झनु पर्छ ।** |
| २ | | २० | (१) | दफा २० को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने: |

| क्र. सं. | संशोधन प्रस्तुतकर्ता | संशोधन दफा | संशोधन उपदफा/ खण्ड | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| | | | | "(१)स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिन सक्नेछ र बालविकास तर्फका शिक्षकको पदपूर्ति शिक्षक सेवा आयोगबाट हुनेछ।" |
| ३ | | २० | (४) | दफा २० को उपदफा (४) को सट्टा देहायको उपदफा (४)<br>" **(४) यो ऐन प्रारम्भ भए पछि प्रारम्भिक बालशिक्षाको दरवन्दी शिक्षकको दरवन्दीमा परिणत हुनेछ र योग्यता पुगेका कार्यरत सहजकर्तालाई एक पटकको लागि शत प्रतिशत पदमा प्रतिस्पर्धा गर्न दिइनेछ।"** |
| ४ | | २० | (५) | दफा २० को उपदफा (४) पछि देहाय बमोजिमको उपदफा (५) थप गरिएको छः<br>" **(५) उपदफा (४) बमोजिम प्रतिस्पर्धामा भाग नलिने वा असफल हुने सहजकर्तालाई तोकिए बमोजिम सुविधा दिई अवकास दिइनेछ।"** |
| ५ | | २० | (६) | दफा २० को उपदफा (५) पछि देहाय बमोजिमको उपदफा (६) थप गरिएको छः<br>" **(६) यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत बालविकास सहजकर्ताले गरेको सेवा अवधि निज शिक्षक पदबाट अवकाश हुँदा उपदान तथा निवृत्तिभरण प्रयोजनका लागि त्यस्तो सेवा अवधि गणना गरिनेछ।"** |

| क्र. सं. | संशोधन प्रस्तुतकर्ता | संशोधन दफा | संशोधन उपदफा/ खण्ड | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| ६ | | २८ | (२) (ञ) (ट) | दफा २८ को उपदफा २ को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्ने र खण्ड (ञ)मा भएको व्यवस्थालाई खण्ड (ट) मा राख्नेः<br>**" (ञ) अध्यक्ष, नेपाल शिक्षक महासंघ - सदस्य"**<br>**" (ट) बोर्डको वरिष्ठतम् अधिकृतमध्येबाट मन्त्रालयले तोकेको अधिकृत सदस्य – सचिव"** |
| ७ | | २८ | (३) | दफा २८ को उपदफा (३) मा रहेको "राष्ट्रिय योजना आयोगको सदस्य" भन्ने शब्दहरुको सट्टा "लोक सेवा आयोगको अध्यक्ष" भन्ने शब्दहरु राख्ने। |
| ८ | | ३१ | - | दफा ३१ को सट्टा देहायको दफा ३१ राख्नेः<br>**"३१. <u>बोर्डको कार्यालय</u>: बोर्डको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका बोर्ड अन्तर्गतका प्रदेश कार्यालय र शाखा कार्यालयहरू आवश्यकता अनुसार रहन सक्नेछन्।"** |
| ९ | | ३३ | (४) | दफा ३३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः<br>"(४) बोर्डका कर्मचारीलाई ऐन लागू हुनु पूर्वको सेवा सुविधामा मर्का पर्ने गरी कुनै कानून बनाइने छैन ।" |
| १० | | ३३ | (५) | दफा ३३ को उपदपा (४) पछि देहायको उपदफा (५) थप गरिएको छः<br>" (५) बोर्डमा ५ वर्ष भन्दा बढि अवधिदेखि कार्यरत अस्थायी, करार र मासिक ज्यालादारी तर्फका कर्मचारीलाई एक पटकको लागि सीमित प्रतिस्पर्धाको आधारमा बोर्डको स्थायी परी सहभागी हुन दिइनेछ। यसरी परीक्षामा सहभागी हुन उमेरको हद लाग्ने छैन।" |
| ११ | | ३३ | (६) | दफा ३३ को उपदपा (५) पछि देहायको उपदफा (६) थप गरिएको छः |

| क्र. सं. | संशोधन प्रस्तुतकर्ता | संशोधन दफा | संशोधन उपदफा/ खण्ड | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| | | | | " (६) उपदफा (५) बमोजिको परीक्षामा अनुतिर्ण हुने कर्मचारीलाई बोर्डले तोकिए बमोजिमव सुविधा दिई सेवाबाट अवकाश दिन सक्नेछ।" |
| १२ | | ४२ | (१) | **<u>दफा ४२ को दफा शिर्षक र उपदफा (१) मा देहाय बमोजिम मिलाउने:</u>** **<u>४२ शिक्षक तथा कर्मचारीको दरबन्दी:</u>** (१)सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा तय भए बमोजिम विद्यार्थी सङ्ख्या, विषयगत र कक्षागत आवश्यकताको आधारमा शिक्षक तथा कर्मचारीको दरबन्दी रहनेछ।" |
| १३ | | ४३ | (८) | दफा ४३ को उपदफा (८) को सट्टा देहायको उपदफा (८) राखिएको छ: "(८) यस दफा बमोजिम दरबन्दी मिलान तथा हस्तान्तरण भएका शिक्षकको सेवा अवधि गणना गर्दा दरबन्दी मिलान तथा हस्तान्तरण हुनु अघि निज स्थायी शिक्षक भए शत प्रतिशत र अस्थायी वा करारमा स्वीकृत दरवन्दीमा रही स्थायी भएकोमा वा राहत अनुदान कोटाको शिक्षक स्थायी भएकोमा त्यस्तो अस्थायी, करार वा राहत अनुदान कोटामा अविच्छिन्न सेवा गरेको अवधिको शत प्रतिशत सेवा अवधि स्थायी सेवामा जोडी त्यस्तो सेवा अवधि बढुवा तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको लागि गणना हुनेछ।" |
| १४ | - | ४४ | (३) | दफा ४४ को उपदफा (३) मा रहेको कुल दरबन्दीको "पचास प्रतिशत" भन्ने शब्दहरुको सट्टा **"पहिलो पटकको लागि कुल दरवन्दीको शत प्रतिशत"** भन्ने शब्दहरु र ऐको अन्तमा रहेका "बाँकी पचास प्रतिशत सिटमा खुला प्रतियोगिताका आधारमा" भन्ने शब्दहरु हटाउने ।" |
| १५ | | ४४ | (४) | दफा ४४ को उपदफा (४) को दोस्रो हरफमा रहेका "पचास प्रतिशत" भन्ने शब्दहरुको सट्टा "शत प्रतिशत" भन्ने शब्दहरु राख्ने।" |

| क्र. सं. | संशोधन प्रस्तुतकर्ता | संशोधन दफा | संशोधन उपदफा/ खण्ड | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| १६ | | ४४ | (६) | दफा ४४ को उपदफा (६) को सट्टा देहाय बमोजिमको उपदफा (६) राख्ने:<br>"(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत कक्षा एघार र बाह्रमा अध्यापन गरिरहेका शिक्षकलाई यो ऐन प्रारम्भ भएपछि आयोगबाट लिइने माध्यमिक तहको तृतीय र द्वितीय श्रेणीको खुला तर्फको विज्ञापनमा भाग लिन उमेर हद लाग्ने छैन र त्यस्ता शिक्षकलाई माध्यमिक तह द्वितीय श्रेणीको विज्ञापनमा पहिलो पटक शत प्रतिशत सीमित प्रतिस्पर्धाबाट पदपूर्ति गरिनेछ।" |
| १७ | | ५३ | (७) | दफा ५३ को उपदफा (६) पछि देहायको उपदफा (७) थप गर्ने:<br>"(७) राहत शिक्षकको रुपमा दुर्गम क्षेत्रमा कार्यरत शिक्षकलाई तोकिए बमोजिम दुर्गम भत्ता उपलब्ध गराइनेछ।" |
| १८ | | ५९ | (३) | दफा ५९ को उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्ने:<br>"(३) राहत शिक्षकको रुपमा कार्यरत शिक्षकको विरामी विदा र औषधी उपचारको खर्च सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।" |
| १९ | | ६० | (५) | दफा ६० को उपदफा (५) मा रहेका "कम्तीमा तीन वर्ष" भन्ने शब्दहरुको सट्टा "कम्तिमा एक वर्ष" भन्ने शब्दहरु राख्ने। |
| २० | | ९९ | (७) | दफा ९९ को उपदफा (६) पछि देहायको उपदफा (७) थप गर्ने:<br>"(७) विगतमा अस्थायी दरवन्दीमा कार्यरत भई सो पश्चात राहत शिक्षकमा कार्यरत भएका शिक्षकको तोकिए बमोजिम विगतको अस्थायी सेवा अवधि जोडिनेछ।" |
| २१ | | १०७ | (२) | दफा १०७ मा संशोधन: |

| क्र. सं. | संशोधन प्रस्तुतकर्ता | संशोधन दफा | संशोधन उपदफा/ खण्ड | संशोधनको व्यहोरा |
|---|---|---|---|---|
| | | | | विधेयकको दफा १०७ को उपदफा (२) मा देहाय बमोजिम संशोधन गर्ने:<br>**दफा १०७ को उपदफा (२) हटाउने र उपदफा (३) मा रहेको उपदफा (२) भन्ने शब्द र अङ्कको सट्टा उपदफा (१) भन्ने कायम गरी यो ऐन प्रारम्भ हुनु अघि नियुक्त स्थायी शिक्षकलाई नेपाल सरकारले निवृत्तभरण दिने आवश्यक व्यवस्था गर्नेछ।** |
| २२ | | १०८ | (३) | दफा १०८ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने:<br>"(३) विद्यालय कर्मचारीको पारिश्रमिक, सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ र त्यस्तो सुविधा स्थानीय तह मार्फत उपलब्ध हुनेछ।" |
| २३ | | १०८ | (४) | दफा १०८ को उपदफा (३) पछि देहायको उपदफा (४) राख्ने:<br>" (४) यस ऐन प्रारम्भ हुँदाका बखत कायम अनुदान कोटा स्वत दरबन्दीमा कायम हुने व्यवस्था गर्ने र कार्यरत कर्मचारीलाई आन्तरीक प्रतिस्पर्धाबाट स्थायी हुने गरी कानूनमा व्यवस्था गर्नु पर्ने।" |
| २४ | | १०९ | (४) | १०९ को उपदफा (४) को अन्त्यमा देहायको शब्दहरु थप गर्ने:<br>"र त्यसरी अनुतिर्ण हुने कर्मचारीलाई तोकिए बमोजिम नेपाल सरकारले आर्थिक सुविधा उपलब्ध गराउनेछ।" |
| २५ | | १५३ | दफा शिर्षक र | दफा १५३ को दफा शिर्षक र उपदफा (१) मा देहाय बमोजिम मिलाउने:<br>"१५३. **नेपाल शिक्षक महासंघ**: (१) विद्यालयका शिक्षक तथा कर्मचारीको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गैर राजनीतिक र व्यावसायिक (प्रोफेसनल) संस्थाको रुपमा नेपाल शिक्षक महासंघ रहने छ। |